संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

■ बर्ष-१६, ▶▶ अंक २९८ ▶▶ जेठ ४ मंगलबार,२०७८, May - 18 Tuesday, 2021, यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

**आबश्यकता**

मुलुकी दैनिकलाई उदयपुर जिल्लाको सबै स्थानीय तहहरु चार नगरपालिकाहरु त्रियुगा, चौदण्डीगढी,बेलका, कटारी, चार गाउपालिकाहरु लिमचुङ्बुङ, रौता, उदयपुरगढी र ताप्ली गाउपालिकामा रहेर समाचार लेख्ने संवाददाता आबश्यक परेको हुदा इच्छुकले सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८४२९८५१८८

# गाईघाटबासीलाई खान पुग्ने तरकारी उत्पादन गर्छौं

❖ बुद्धिकुमार राई

*उदयपुर, जेठ ३*

पाँचथर जिल्ला नाङगीन गाविसमा जन्मेका ४८ वर्षे धनवहादुर लिम्बू २३ बर्ष विदेशमा काम गरे। उनी १२ वर्ष साउदी, ८ वर्ष मलेसिया र ३ वर्ष कत्तार बसे। साउदीमा उनले १२ वर्ष सम्म भवन निर्माणमा काम गरे। ८ बर्ष मलेसियामा पेट्रोल पम्प र ३ वर्ष कत्तारमा इन्जिनियरीङ समन्धी काम गरे।

अहिले उनी उदयपुर जिल्लाको त्रियुगा नगरपालिका -१२ पुरानो गाईघाटको स्थायी वासिन्दा हुन्। खोटाङ इन्देणी पोखरीका गंगा राईसँग बिबाहा गरेका लिम्बुका दुई छोरा छन्। जेठो छोरो सुमन ब्यबस्थापन संकाय विविएस दोस्रो वर्षमा गाईघाटमा पढ्छन भने कान्छा छोरो रुपन १२ कक्षामा पढ्दैछन्। हिजोआज धन बहादुर लिम्बुलाई त्रियुगा नगरपालिकाको - ९ गहिरुनको हात्तिमाराको खेतमा भेटिन्छन्। २०७६ साल फागुनदेखि गहिरुनको २ बिगाहा जमिन भाडामा लिएर उनले तरकारी खेती र पशुपालन कर्म थालेका हुन्। अहिले धनबहादुर लिम्बु सहित अन्य ४९ जना मिलेर रुपान्तरण कृषि सहकारी संस्था खोलेर कृषि र पशुपालन गरिरहेका छन्। धनबहादुर लिम्बुलाई साथ दिन आएका धनकुटा तेलिया खामडाँडा जरिपाटी गाँउपालिका -७ का ६० बर्षे रुद्रबहादुर लिम्बु नेपाल प्रहरीका अबकाश प्राप्त हवल्दार हुन। उनी पनि १८ बर्ष नेपाल प्रहरीमा काम गरेको अनुभवलाई अहिले कृषि र पशुपालन काममा लगाउँदै छन्। रुपान्तरण कृषि सहकारीका अर्को सहकर्मी हुन श्याम एक्तेन लिम्बु। इलाम दानावारी - ६ हालको माई नगरपालिका - ३ इलामका श्याम अहिले ४३ बर्षका भए।

*- बाँकी २ पेजमा*





*पहिलो तस्बिरमा - दाँयाबाट क्रमश धनबहादुर लिम्बु, रुद्रबहादुर लिम्बु, श्याम एक्तेन लिम्बु, दिनेश चेम्जोङ लिम्बु। दोस्रो तस्बिरमा - दाँयाबाट क्रमश धनबहादुर लिम्बु, श्याम एक्तेन लिम्बु, रुद्रबहादुर लिम्बु।* ***तस्बिर - बिधायक राई। मुलकी***

# पत्रकार महासंघलाई बाणिज्य संघको सहयोग

❖ मुलुकी संबाददाता

*गाईघाट, जेठ ३*

त्रियुगा उद्योग वाणिज्य संघ उदयपुरका बरिष्ठ उपाध्यक्ष रमेश रसाइली नेतृत्वको टोलीले अग्रपंतीमा कोरोना विरूद्ध लडिरहेका पत्रकार र सुरक्षाकर्मीहरूलाई स्वास्थ्य सामग्री वितरण गरेको छ।

आईबार टोलीले नेपाल पत्रकार महासंघ उदयपुरको कार्यालयमा नै गएर महासंघ अध्यक्ष भरत खड्कालाई स्वास्थ्य सामाग्री प्रदान गरेको हो। त्रियुगा उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष रसाइलीको टोलीले महासंघलाई ३ सय थान मास्क, सानो साईजका ५० थान सेनिटाइजर, ७ लिटरको जारमा एक जार सेनिटाइजर प्रदान गरेको हो।

सो टोलीमा बरिष्ठ उपाध्यक्ष रमेश रसाईली, ब्याबशायी किशोर राई, बिनोद पाण्डे, टिका श्रेष्ठ, नबिन बस्नेत रुपम अनुराग गुप्ताको सहभागीता रहेको थियो। स्वास्थ्य सामाग्री प्रदान गर्दै उपाध्यक्ष रसाईलीले यस्तो संक्रमणको बेला सचेत र सुरक्षित भएर पत्रकारले पत्रकारिता गर्न सुझाउ दिए। बाणिज्य संघले गरेको सहयोगले उदयपुरका सक्रिय पत्रकारहरुलाई सुरक्षित हुन सहयोग पुग्ने बताए।



बापिज्य संघले दिएको स्वास्थ्य सामाग्री लिदै महासंघ उदयपुरका अध्यक्ष भरत खड्काले स्थास्थ्य सामाग्री प्रदान गर्ने सहभागी सबैलाई धन्यवाद दिए। स्वास्थ्य सामाग्री अझै अन्य संघ संस्थाबाट आउने क्रम जारी भएकाले जिल्लाका सबै सक्रिय पत्रकारहरुलाई बितरण गरिने अध्यक्ष खड्काले बताए।

त्यस्तै सो टोलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र कार्यालयलाई ५ सय वटा मास्क र ११ लिटर सेनिटाइजर प्रदान गरेको छ। त्यसैगरी विभिन्न प्रहरी चौकी, अस्थाइ प्रहरी पोष्ट, ट्राफिक प्रहरी कार्यालयहरूलाई पनि प्रदान गरेको छ। नगर प्रहरी कार्यालय गाईघाटलाई मास्क ३ सय, सेनिटाइजर ६ लिटर प्रदान गरेको छ।

इलाका प्रहरी कार्यालय जलजले र लालपत्ता प्रहरी चौकीलाई समेत ३ सय मास्क, ७ लिटर सेनिटाईजर टोलीले प्रदान गरेको छ। साउने प्रहरी चौकी, चुहाडे प्रहरी चौकी, बसपार्क प्रहरी पोष्टलाइ ३ सय मास्क र २ लिटर सेनिटाइजर दिएको हो।

संकटकालिन अवस्थामा सबैले सहयोग गर्नुपर्ने कुरालाइ मध्येनजर गर्दै स्थास्थ्य सामाग्री वितरण गरिएको युवा व्यावसायी किशोर राइले बताए।



### गाईघाटलाई ......

उनि २०६५ साल देखि गाईघाटमा शिक्षण पेशामा आवद छन। नेपाली बिषयमा डिग्री गरेका श्याम गाईघाट स्थित क्यानभास वोडिङ्गका संञ्चालक हुन। उनलाई पनि अहिले लागेको छ कृषि र पशुपालन नगरी देशलाई निर्भर बनाउन सकिदैन त्यसैले अहिले श्याम कृषि क्षेत्रमा जोडिन आईपुगेका हुन। ५ बर्षसम्म मलेसियामा फर्निचरको काम गरेका ४० बर्षिय दिनेश चेम्जोङ कक्षा ८ सम्म अध्ययन गरे। उनी पाचथर जिल्ला चिलिदेन बचेप्लुङमा जन्मेका हुन ।

उनी पनि अहिले स्वदेशमै स्वरोजगार हुन सहकारी मार्फत कृषि कर्ममा लागेका हुन । सहकारीमा ४९ जना शेयरहोल्डरमा मुख्य काम गर्ने ४ जना हुन। यी चारजनाले मासिक तलब नै लिएर काम गर्छन । नियमीत काममा काममा खट्नेहरु धनबहादुर लिम्बू, रुद्रबहादुर लिम्बू, श्याम एक्तेन लिम्बू र दिनेश चेम्जोङ हुन ।

सहकारिको मुख्य योजना बनाउने, कार्यक्रम बनाउनेहरुमा धनबहादुर, रुद्रबहादुर, श्याम एक्तेन र दिनेश चेम्जोङ, पाथिभरा डेरिका सन्चालक भिम एडुङ लिम्बू, अन्जना सुब्बा, अबकाश प्राप्त नेपाली सेनाका कुमार सुब्बा रहेका छन ।

४९ जना शेयर सदस्य रहेको रुपान्तरण कृषि फममा ३ लाख ५० हजार बढि रकम शेयर सदस्यहरुले उठाएर कृषिमा लगानी गरेका हुन । करिब २ बिगाहा जमीन १० बर्षको लागि बार्षिक भाडा तिर्ने गरेर भाडामा लिएको धनबहादुर लिम्बुले बताए । अहिले रुपान्तरण कृषि सहकारि फममा बन्दा, फुलकोबी, गाजर, खोर्सानी, काक्रा, बङ्गुर, टमाटर उत्पादन भइरहेको छ।

कृषि फम सुरु गरेदेखी हाल सम्म त्यहा काम गर्नेहरुले कुनै पनि तरकारी घरमा किन्नु परेको छैन । कृषि फम सुरु गरेदेखी हालसम्म २० क्विन्टल टमाटर, २५ क्विन्टल काक्रा बेचिसकेका छन ।

टमाटार सिजनमा प्रती केजि ७० रुपैया सम्ममा बेचे भने अहिले २५ रुपैया प्रती केजि बेचिरहेका छन । त्यस्तै काक्रा सिजन मा ४० रुपैयासम्म मा बेचे अहिले प्रती केजि २० रुपैयाले बेचिरहेका छन ।

माबी देउरिमा कक्षा १० मा पड्दा कृषि बिषय पढेका श्याम एक्तेन लिम्बुको ध्यान भने गाइघाट गहिरुन हात्तिमारा छेत्रलाइ कृषि हब बनाउन उनि लागि परेका छन । अहिले उनिहरुले लिइरहेको २ बिगाहा जमिन १० बर्षको लागि बार्षिक १ लाख भाडा दिने गरेर भाडामा लिएको हो ।

अब अरु ५ बिगाहा जमिन थपेर बृहत कृषि, पशुपालन गर्ने सहकारिको योजना रहेको लिम्बुले बताए । त्यसपछी होमस्टे बनाउने र त्यहा उत्पादन भएको खानेकुरा पकाएर आउने पाहुना, ग्राहकहरुलाइ खुवाउने योजना पनि छ उनले भने ।

१८ बर्ष सम्म नेपाल प्रहरिमा सेवा गरेका अबकाश प्राप्त रुद्रबहादुर लिम्बू नेपाल प्रहरिको सेवामा नेपालको १४ जिल्लामा काम गरे । उनले कतै पनि यस्तो किसिमको सहकारिले खेती खेती गरेको देखेन । अहिले आफै उनी कृषि र पशुपालनमा लागेका छन । दिनभरी उनी तरकारि खेती सङै लुकामारी गर्छन ।धन बहादुर लिम्बू आफुले उत्पादन गरेको टमाटरले राम्रो बजार पाएको र उचित मुल्य पाउँदा खुशी छन।केही मात्रामा टमाटर फाल्नु परेकामा लिम्बूलाई कुनै पिर छैन। जति कमाउनु पर्ने थियो टमाटरले कमायो ।

अहिले सम्म कृषि ज्ञान कुन्जका ५० प्रतिशत अनुदानमा ३५ हजारमा ट्याक्टर दिएको छ। कृषि ज्ञान केन्द्रकै अनुदानमा यो बर्ष अनुदानमा टनेल परेको छ। अहिले उनीहरूको फममा २वटा टनेल छ। यो बर्ष ३ वटा टनेल थप्दैछन। मुख्य समस्य कृषि गर्दा स्थानीय उपभोक्ताले स्थानीय अर्गानिक खेतिलाई प्राथमिकता दिएर उपयोग गरिदिन अनुरोध छ। दिनेश चेम्जोङको पनि सोच कम छैन। उनी गाईघाटमा उत्पादन गरेको कृषि उपजलाई जिल्लामा उपभोग गरेर बाँकी उत्पादन जिल्ला बाहिर पठाउने उनको योजना छ ।

धनबहादुर लिम्बुलाइ चाहिँ आफुले उत्पादन गरेको कृषि उपज सबै जिल्लाबासिले खान पाएकोमा खुशि छन । उनी मात्र होइन रुद्रबहादुर लिम्बू दिनभरी आफ्नै कृषि फममा ब्यस्त हुदा शारीरिक कसरतले स्वस्थ भएको अनुभूति भएको छ । यति मात्र होइन सबै जना कृषिमा लागेर उत्पादन गर्दा समाज, समुदाय र राज्यलाइ नै फाइदा हुनुको साथै तरकारी किन्नकै लागि जिल्ला बाहिर पैसा जान बाट जोगिएको छ । साथै यी कृषि फममा काम गर्ने कृषकहरुले रोजगारी समेत पाएका छन ।

यो बाहेक यो कृषि फममा काम गर्ने कृषकहरुले उत्पादन राम्रो गरेर आम्दानी गर्ने सोच पनि जिबितै छ । अहिले गहिरुन हातिमारामा यस्ता कृषि पशु गर्ने कृषकहरु बाक्लिदै गएको छ ।

छेउमै गोपाल श्रेष्ठले गाइपालन गरेका छन । सदामुकाम गाइघाट बजारदेखि देढकिलोमिटर पश्चिममा पर्ने गहिरुन हात्तिमारा ठाउँ गाइघाट नया बसपार्कदेखि अझ अन्जि ८ सय मिटरमा पर्दछ ।



*धनबहादु लिम्बु र श्याम एकतेन लिम्बुको मिलन।* १८ वर्ष विदेश बसेर काम गरेका धनबहादुर लिम्बु र १३ वर्ष अघिदेखि गाइघाटको क्यानभास बोडिङमा शिक्षण गर्दै आएका श्याम एकतेन लिम्बु आजकल त्रियुगा नगरपालिका - ९ गहिरुन हात्तिमारामा तरकारी खेतीमा खन, जोत, मल लगाउँदै गरेको भेटिन्छन ।



*गाइघाटको क्यानभास बोडिङमा शिक्षण गर्दा श्याम एक्तेन लिम्बु।*



*विदेशमा हुँदा कत्तारमा काम गर्दै धनबहादुर लिम्बु।*



# काठ फिर्ता गरिएको सूचना

**श्री डुकुरसिंह सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १६, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७३।७४ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. ३ मिति: २०७६।४।१२ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २१ | २०८.११ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री महंकाली सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. २ मिति: २०७६।४।७ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | ३२ | ४२१.२० | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री नवदिप सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. मिति: २०७६।४।१० गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | ३० | २३२.८८ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री कालिका सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं.९७ मिति: २०७६।१०।२८ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | ७ | साल | २५ | २३२.८० | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. २५ मिति: २०७६।४।९ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २६ | २५१.६६ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. २४ मिति: २०७६।४।९ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २१ | २९४.६३ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# महिला फुटबल खेलाडी बेदकुमारीको चिन्ता

❖ मनिताकुमारी राई

यिनी हुन त्रियुगा नगरपालिका - १५ खाबु छामलिङकी १७ बर्षीया बेदकुमारी बान्तवा राई (रेनुका)। हाल उनी त्रिनपा १२ पुरानोगाईघाट थरुहट रंगशालानजिकै बुद्धचोकस्थित घरमा बस्दै आईरहेकी छिन् । २०७७ असोज महिनादेखि उनले फुटबल खेल्न सुरु गरिन् ।

फुटबल खेल्न सुरु गरेको ८ महिना भइसक्दा उनी थरुहट रङगशालामा नियमितजस्तो उपस्थित हुने गर्छिन् । जब उलने फुटबल खेल्न थालिन्, त्यतिबेला रङगशालामा गाईघाटका ११ महिला फुटबल खेलाडी थिए । उनी गएपछि १२ जना महिला फुटबल खेलाडी भए । दिन, हप्ता विस्तारै महिला खेलाडीहरुमा खेलको स्तर बढ्दै गयो । केही दिनपछि महिला खेलाडीहरु १६ जनासम्म भए । अहिले बेदकुमारीलाई लाग्छः महिला फुटबल खेलाडीलाई सिकाउने प्रशिक्षकले निरन्तर आइदिए छिट्टै प्रगति गर्न सकिन्थ्यो ।

प्रशिक्षक आए पनि जति सिकाउनु पर्ने समय हो त्यति समयसम्म सिकाउदैनन् । पुरुष फुटबल खेलाडीको तुलनामा महिला खेलाडी सङख्यामा कम भएकाले महिला खेलाडीलाई फुटबल खेल्न चाहेको समयमा मैदान पनि उपलब्ध नहुदा महिला खेलाडीमा खेलको विकास हुन नसकिरहेको उनको ठम्याई छ । महिला खेलाडीको सङ्ख्या नै कम भएकाले पुरुषसँग टिम मिलाएर खेल्नुपर्ने बाध्यता छ। कुनै दिन पुरूष खेलाडीहरु कम सहभागी भएको बेला महिलाहरु मात्र खेलौं भन्दा फुटबल नै उपलब्ध नहुने अर्को समस्या छ।

सम्बन्धित निकायको बेवास्ताका कारण महिला खेलाडीहरू फुटबल खेल्न आउनै छोडिसकेको उनी बताउँछिन् । अर्को कारण जिल्लाले महिला फुटबल प्रतियोगिता नै सञ्चालन गर्ने गरेको छैन । जिल्लामा महिला फुटबल प्रतियोगिता सञ्चालन नगर्दा महिला खेलाडीहरुले आफुमा भएको क्षमता प्रदर्शन गर्न नपाएको पनि रेनुकाको बुझाई छ।

मेरो खेल कस्तो छ, के-केमा सुधार ल्याउनु पर्छ भन्ने कुराको ज्ञान पाउने अवसर नै नपाएको महिला खेलाडीहरुको गुनासो छ । प्रतियोगिता गराउने गरेको भए प्रतिस्पर्धामा खेलेको अनुभवले उनीहरुको खेलस्तर बृद्धि हुने ठहर उनीहरुको छ। सदरमुकाम गाईघाटको महिला फुटबल टिमसँग उदयपुरमा महिला फुटबल खेलाडीहरूलाई निरन्तर रूपमा प्रशिक्षण र फुटबलको प्राबिधिक ज्ञान, सिप सिकाउने प्रशिक्षकको आबश्यकताको महसुस भएको छ । बिभिन्न संघसंस्थाले प्रायोजन गरेर भए पनि महिला फुटबल प्रतियोगिता आयोजना गगर्न उनीहरुको सुझाव छ ।

गाईघाटको महिला फुटबलको माहौल समेटेर महिलाहरूका लागि फुटबल खेल सामग्री पर्याप्त मात्रामा चाहिन्छ। खेल सामग्री र मुख्य कुरा महिला खेलाडीले आफु कस्तो खेल्छु, प्रतिस्पर्धा गर्न सक्छु कि सक्दिन भन्ने कुराको अनुभव गर्न पनि प्रतियोगिता गराउनुपर्ने उनीहरुको माग छ।








## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसगैं जोडिएको ।

प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**

सम्पर्कः– ९८५२८३०५८२

*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्ने ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*




## काठ फिर्ता गरिएको सूचना

**श्री डुकुरसिंह सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १६, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७३।७४ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. ३ मितिः २०७६।४।१२ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिलः*

| सि.नं. | लट नं | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २१ | २०८.११ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर


माझखर्क साप्ताहिकको सह प्रकाशन... मुलुकी दैनिक

प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट


देखिएका छन् । सातादिनमा ६ जना महिलासहित २ सय ...
संक्रमितहरुको संख्या बढेर१ सय संक्रमित पुगेका छन् ।